कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ७ | ने. सं. ११३१ यंलाथ्व दशमी बुधवा: | २०६८ भाद्र २१ गते बुधवार (Sep- 7, 2011) | मुल्य : ५/- (न्यातका)

कार्यक्रम ज्यापु स्वां र झीगु राष्ट्रिय म्ये सिडि विमोचनको

कुरा नेवा: स्वायत्त राज्य स्थापनाको

कीर्तिपुर सन्देश /

गत भाद्र १७ गते शनिवार परोपकार स्कूलको सभाहलमा पाँगा कीर्तिपुरका कवि राजभाई जकःमिको ज्यापु स्वाँ र झीगु राष्ट्रिय म्ये सिडीको विमोचन कार्यक्रम सम्पन्न भयो।

ज्यापु महागुथि केन्द्रिय समितिका उपाध्यक्ष राजभाइ ज्यापुको सभापतित्वमा एनेकपा माओवादीका सभासद हिसिला यमिले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । सभापतिको आशनबाट बोल्दै राजभाइ ज्यापुले ज्यापु महागुथिको असोज ७ गने दोस्रो राष्ट्रिय अधिवेशन हुन गैरहेको र उक्त अधिवेशनको मूल एजेण्डा नयाँ नेतृत्वको साथै नेवा: स्वायत्त राज्य स्थापनाको मांगलाई बुलन्द गर्ने कुरा जानकारी दिनुभयो। ज्यापु स्वाँ, झीगु राष्ट्रिय म्ये र पुस्तकको हिसिला यमि, मल्ल के सुन्दर र कवि दुर्गालाल श्रेष्ठले संयुक्त रूपमा विमोचन गर्नुभयो।

स्वागत मन्तव्यको क्रममा शेष नारायण महर्जनले ५ हजार थान सिडि ज्यापु महागुथिलाई राजभाइ जकःमिले राष्ट्रिय सम्मेलनको लागि सहयोग गर्नु भएको जानकारी दिनुभयो। उक्त सिडी एक एकवटा किन्नु भै ज्यापु महागुथिलाई सहयोग गर्नुहुन अनुरोध गर्नुका साथै सबैले सहयोग गर्नुहुने आशा पनि व्यक्त गर्नुभयो । ज्यापु महागुथि काठमाण्डौं महानगर समितिका अध्यक्ष ई. मोहन कृष्ण डंगोलले ज्यापु भनेर एक जातीको लागि मात्र काम गर्ने होइन २०६६ साल पौष ११ गते घोषणा गरिसकेको नेवा: स्वायत्त

राज्य स्थापना गर्न संघर्षमा अगाडि बढ्न जोड दिनुभयो। आफ्नो मन्तव्य दिने क्रममा मल्ल के सुन्दरले ज्यापु महागुथिको अब आउने राष्ट्रिय सम्मेलनले ज्यापू जातिको मात्र कुरा उठाउने होइन नेवा: स्वायत्त राज्य स्थापना गर्न अग्रगामी भूमिका निभाउने बारे पनि छलफल गर्नु पर्ने आवश्यकता रहेकोमा जोड दिनुभयो।*बाँकी ३ पेज*

कीर्तिपुरको एक विद्यालय खारेज अर्को पनि हुने संभावना

सन्दर्भ: आज शिक्षा दिवस

कीर्तिपुर सन्देश /

गत साउन ३२ गते कीर्तिपुर सन्देश साप्ताहिकमा 'कीर्तिपुरमा विद्यार्थी विहिन सरकारी स्कूल' शिर्षकमा समाचार प्रकाशित गरेको केहि समय पछि नै काठमाण्डौं जिल्ला शिक्षा कार्यालयले कीर्तिपुरको जाल्पादेवी स्कूललाई विद्यार्थी विहिन भएको कारण देखाउँदै खारेज गरेको छ। जिल्ला शिक्षा कार्यालयले विभिन्न सर कारी प्राथमिक विद्यालयहरूमा अनुगमन गरि विद्यार्थी विहिन भएका र फर्जी विद्यार्थी देखाइ संचालन गरि रहेका काठमाण्डौं जिल्लाका १० वटा प्राथमिक विाद्यलयहरू खारेज गरिएको छ। खारेज गरेका विद्यालयहरू मध्ये कीर्तिपुर नगरपालिका वडा नं. १५ चारघरे स्थित जाल्पादेवी प्राथमिक विद्यालय पनि परेको हो। २०४२ सालमा स्थापना भएको जाल्पादेवी स्कूलमा यस वर्षदेखि विद्यार्थी विहिन भएको हो। सो स्कूलमा ३ जना शिक्षकको दरवन्दी र हेकोमा दुई जना अन्तै काजमा गइसकेको र हाल एक जना मात्र रहेको अवस्था छ। जिल्ला शिक्षा कार्यालयले शिक्षा दिवस पछि थप अरू २० वटा प्राथमिक विद्यालयहरू खारेज गर्ने तयारी गरिरेहेको थाहा भएको छ। शिक्षा दिवस पछि काठमाण्डौं जिल्लाका १० जना मात्र विद्यार्थी भएका थप २० वटा प्राथमिक विद्यालय समेत गारेज गर्ने तयारी गर`को हो। जसमा कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँ स्थित विद्याश्रम प्राथमिक विद्यालय पनि पर्न सक्ने सम्भावना रहेको छ।

सो स्कूलमा करिव २५ जना विद्यर्थीको हाजीरकापिमा नाम रहेतापनि दैनिक रूपमा १० जना भन्दा कमी विद्यार्थीहरू स्कूलमा आउने गरेकोले सो स्कूल पनि दोस्रो चरणमा खारेज हुने सम्भावना रहेको नगाउँका एक समाजसेवीले वताउनु भएको छ। दोस्रो चरणमा खारेज हुने स्कूलहरूको विषयमा कीर्तिपुर सन्देश साप्ताहिकले जिल्ला शिक्षाको अनुगमन समितिका सदस्यहरूलाई सम्पर्क गर्दा अहिले नै खार`ज हुने स्कूलहरूको नाम सार्वजनिक गर्न नहुने वताएका छन्।

स्मरण रहोस कीर्तिपुर नगरपालिका वडा नं. १५ स्थित चुनदेवी प्राथमिक विद्यालय पनि विद्यार्थी विहिन भएका कारण आज भन्दा तीन वर्ष अघि नै बन्द भइसकेको अवस्था छ।

सन्देश मित्र

कीर्तिपुरेहरू दिन मात्र जानेका लिन नजानेकाहरू हुन ? *पेज २*

दिपक महर्जनलाई भोट दिन कीर्तिपुरवासीको आह्वान *पेज ५*

ब्लड क्यान्सर भएका बाघभैर व स्कूलका ढुंगानालाई सहयोगका लागि अपिल *पेज ६*

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

;Dkfbs/o

हराउदै गएका मौलिक नामहरू

ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण कीर्तिपुर शहरमा पछिल्लो समयमा आएर अर्थपूर्ण रुपमा कीर्तिपुरवासीका पूर्खाहरुले राखेका विभिन्न स्थानका नामहरु हराउँदै गएका छन् । पुराना नामको ठाउँमा विभिन्न किसिमका नयाँ नामहरु राख्ने प्रयास जारी रहेको छ ।

कीर्तिपुरको उत्तर क्षेत्रमा रहेको बाटोलाई कीर्तिपुरवासीले त्यालँ भन्ने गरिन्छ । त्या भनेको नेपालभाषामा चाँदै पुग्ने र लँ भनेको वाटो हो । काठमाडौंमा चाँदै पुग्ने वाटो भएकाले त्यालँ भनेकोमा हाल आएर ट्याँग्लाफाँट भनी नामांकरण गर्न थालिएको छ । त्यसैगरी तगःवपिलाई नगाउँ दोवाटो, देय् पुखू (देशको पोखरी) लाई देव पोखरी, घःपालाई धल्पा, सल्यांचालाई पाँगा दोवाटो यस्ता धेरै नै उदाहरणहरु छन् । त्यतिमात्र हैन नयाँ बस्तीको रुपमा विकास भएको नरग्वः लागालाई टियू हाइटदेखि सो क्षेत्रमा विभिन्न चाँदनि चोकदेखि सो क्षेत्रमा विभिन्न स्थानवाट बसाईसरि आएका समुदायको जातीको नामवाट समेत नामांकरण गर्न थालेका छन् । मनपरि ढंगवाट विभिन्न ठाउँका नामंकरण हुन थालेका छन् ।

केहि वर्ष अघिदेखि कीर्तिपुरका नेवार समुदायले कीर्तिपुरनगरका विभिन्न स्थानमा पुरानै नामांकरण गरी साइन वोर्ड समेत राख्ने अभियान चलाउने प्रयास गरेको र सो क्रममा कीर्तिपुर नगरपालिकाले बजेट विनियोजन गर तापनि प्राविधिक कारण देखाउदै हालसम्म पनि सो कार्य हुन र गर्न सकिरहेको छैन । नामांकरणले नै एक ढंगबाट कीर्तिपुरको पहिचान बचाउने भएकोले सो कार्य कीर्तिपुर नगरवासीका साथ साथै स्वयं कीर्तिपुर नगरपालिकाको पनि जिम्मेवारी भएकोले सरोकारवालाले समयमै ध्यान पुऱ्याउन नसके भोली गएर समस्या सृजना नहुने कुरामा कसैको दुई मत छैन होला ।

सम्पादकलाई पत्र

कारागार डायरी किन प्रकाशित भएन ?

श्रीमान सम्पादकज्यू,

प्रत्येक बुधवार प्रकाशित हुने लोकप्रिय पत्रिका जसले आफ्नो अलग पहिचान बनाउन सफल 'कीर्तिपुर सन्देश'को सुरुदेखिको नियमित पाठक हुँ।

यस पत्रिकामा सुरुदेखिनै नजरराम महर्जनको पहिले 'जेल डायरी' र पछि 'कारागार डायरी' भनेर धारावाहिक रूपमा प्रकाशित गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । उहाँको हिम्मतको लागि प्रशंसा नगरिरहन सक्दिन । 'खाएको विषमात्र लाग्छ नखाएको विष लाग्दैन' भनेझै उहाँलाई फसाउन खोजे पनि 'सत्य डग्दैन असत्य टिक्दैन' भनेझै उहाँ अदालतबाट निर्दोष साबित हुनु भै सफाई पाएर घर फर्कनु भयो । यो खुशीको कुरा हो । उहाँ एकजना निडर राजनैतिक व्यक्तित्व हुनुहुन्छ । धेरै लामो राजनैतिक इतिहास बोकेको व्यक्तित्व हुनुहुन्छ । स्पष्ट वक्ता पनि हुनुहुन्छ । अनि त्योभन्दा पनि ठूलो कुरा उहाँ नेपालभाषाको कथाकार-उपन्यासकार हुनुहुन्छ । त्यसैले उहाँको शैली सलल बगेको हुन्छ । पढ्दा पढ्दै नसकेसम्म छाड्नै मन लाग्दैन । त्यस्तै शैलीमा उहाँको कारागार डायरी प्रकाशित हुँदै आइरहेकोमा २०६८ भाद्र १४ गते अंक ६ मा मलाई मनपर्ने 'कारागार डायरी' नै गायब भएको देखेर मन खिन्न भयो । किन प्रकाशित नगर्नु भएको ? स्थान अभावको कारणले हो कि ? या अरू कुनै कारणले हो ? अर्को अंकदेखि त प्रकाशित हुन्छ होला नि । उहाँले कारागार डायरी मार्फत कारागारमा के कस्तो हुन्छ कति सरल तरिकाले बयान गर्नुभएको छ । कारागारमा बस्दा कोठामा हतकडी लगाएर थुनेर राख्छ कि जस्तो लागेको थियो । तर उहाँको डायरी पढेर त्यस्तो होइन रहेछ भन्ने थाहा पाएँ । अनि प्रहरी खोरमा पुग्दैमा मान्छे अपराधी ठहरिने होइन रहेछ भन्ने पनि थाहा पाउने मौका पाएँ । प्रहरीले शंकाको भरमा कसरी मानिसहरूलाई गिरफ्तार गर्दो रहेछ भन्ने कुरा पनि थाहा पाएँ । यसरी हरेक दृष्टिकोणबाट राम्रो लागेको 'कारागार डायरी' अर्को अंकदेखि नियमित प्रकाशित हुन्छ भन्ने आशा राखेर अर्को बुधवारको प्रतिक्षा गरिरहेको छु ।

–शुभशान्ति वज्राचार्य, युनिक च्वाइस, लोकतान्त्रिक चोक, कीर्तिपुर-३

कीर्तिपुरेहरू दिन मात्र जानेका लिन नजानेकाहरू हुन ? (२)

– नजरराम महर्जन–

वि.सं २०१३ सालदेखि ०४२ सालसम्म पटक पटक गरेर करिव ६५०० रोपनी जग्गा त्रि.वि.ले लिइसकेका छन । जुन जग्गाहरु त्रि.वि.ले उपयोग गर्न सकेका छैनन् । आफ्नो जग्गा कहाँ कति छ भन्नेनै त्रि.वि.लाई थाहा छैन । आफ्नो जग्गाको सिमानामा पर्खालसम्म पनि लगाउन सकेका छैनन । जसले गर्दा संधियारहरुले रोपनी का रोपनी जग्गा हडपिसकेका छन । कुनै पनि जग्गा अधिग्रहण गरेर त्यसको उपयोग गर्न सकेन भने अथवा बढी भयोभने सम्बन्धितलाई फिर्ता दिनुपर्ने प्रावधान छ । तर त्रि.वि.ले त्यस्तो गरेको छैन ।

पहिले त नेपालको एउटै विश्वविद्यालय त्रिभुवन विश्व विद्यालय एउटै मात्र थियो । तर अब त नेपालभरिमा त्रि.वि. बाहेक अरु सातवटा विश्वविद्यालय भैसकेका छन । त्यसैले अहिलेसम्म त्रि.वि.ले उपभोग नगरेका जग्गाहरु त्रि.वि.लाई आवश्यक पर्दैन । त्यसैले ती बढी जग्गाहरु अब व्यक्तिलाई होइन कीर्तिपुर नगरपालिकालाई फिर्ता दिनुपर्छ ।

त्रि.वि.स्थापना गर्दा समर्थन गर्नेहरुले त्रि.वि.बाट कीर्तिपुर वासीलाई फाइदा नै होला भनेर समर्थन गरेका हुन । तर कीर्तिपुरमा त्रि.वि. राख्नु हुन्छ र हुँदैन भनेर कीर्तिपुरवासीहरु विभाजित भएपछि त्रि.वि.ले मनोमानी गर्न पाए । त्यो बेलामा जस्तै अहिले पनि जव जव त्रि.वि.केन्द्रित आन्दोलन सुरु गर्छन् त्रि.वि.ले अनेकौं वहाना बनाएर कीर्तिपुरवासीहरुलाई एक आपसमा लडाएर आन्दोलन विचैमा तुहाइदिन्छ ।

त्यस्तै कीर्तिपुर नगरपालिका बन्नु अगाडि 'फेक्ट नेपाल' नामको एउटा गैर सरकारी संस्थाको आँखा कीर्तिपुरको ऐलानि जग्गामा पऱ्यो । जग्गा पाए कीर्तिपुरमा एउटा ठूलो अस्पताल बनाउने जसमा कीर्तिपुरवासीको पनि सहभागिता रहने, सस्तोमा औषधोपचार गरिदिने, रोजगारीमा पनि कीर्तिपुरवासीलाई नै पहिलो प्राथमिकता दिने प्रलोभन देखाए । उसको कुरामा विश्वास गरेर तत्कालिन लायकू गा.वि.स.का सिधासाधा इमान्दार अध्यक्षले कीर्तिपुरवासीको भलाईको लागि देवढोकाको उत्तरतिरको ५२ र ोपनी जंगल क्षेत्र 'फेक्ट नेपालको नाममा पास गरिदियो । त्यतिबेला जग्गा पाएको दुईवर्ष भित्रमा अस्पताल बनाउने कर ारनामा गरेपनि कीर्तिपुरमा अस्पताल बनाएन । कीर्तिपुरको जग्गाको लालपूर्जा देखाएर विदेशबाट करोडौं रुपैया सहयोग लियो । त्यही पैसाले काठमाडौंको प्रदर्शनी मार्गस्थित नेपाल र डक्रस सोसाइटीको जग्गा लीजमा लिएर काठमाडौं मोडेल अस्पताल बनाएको भन्ने हल्ला छ । कीर्तिपुरवासीहरु हिस्स पर । कीर्तिपुरको जग्गा लिएर कीर्तिपुर बाहिरका मानिसहरुले फाईदा लिए । अनि बल्ल कीर्तिपुरवासीहरुले आफू ठगिएको चाल पाए । पहिले १३ सालमा विश्वविद्यालयले जग्गा लिंदा त कीर्तिपुरवासीहरु त्यति शिक्षित थिएनन् । आजको अवस्था त्यो छैन । अहिले कीर्तिपुरमा पीएचडी पास गरेका डाक्टरहरु थुप्रै भइसकेका छन । साँच्चै भन्ने हो भने अहिले ४० वर्ष मुनिका कीर्तिपुरवासीहरु शतप्रतिशत शिक्षित भैसकेका छन । कीर्तिपुर का सचेत नागरिकहरु मिलेर फेक्ट नेपाल संचालन गर्न पदाधिकार ीहरुसँग बार्ता गर्न गए । एक किसिमले ४९ प्रतिशत कीर्तिपुर वासीको र ५१ प्रतिशत फेक्ट नेपालको अधिकार रहने गरी सम्झौता हुनै लागेको बेला फेरि कुटिल चाल चली कीर्तिपुर वासीलाई विभाजित गर्न फेक्ट नेपाल सफल भयो । सम्झौता पत्रमा भोलि सही गर्ने भनेको बेला एउटा पार्टीको कीर्तिपुर ईकाइका नेताले यस सम्झौतामा हाम्रो पार्टीको संलग्नता छैन भनेर वक्तव्य निकाली दियो । जव कि त्यही पार्टीका कीर्तिपुर क्षेत्रका जिम्मेवार नेता, कार्यकर्ताहरु उक्त छलफलमा प्रमुख भूमिका निभाइरहेका थिए । हस्ताक्षर नगर्न फेक्ट नेपाललाई बल पुग्यो । त्यसपछि सम्झौता पत्रमा हस्ताक्षर गर्ने भोलिको त्यो दिन आजसम्म आएको छैन । कीर्तिपुरवासीले वास्ता गर्न छाडे । एक आपसमा नमिलेकोले हातमा आइसकेको अधिकार पनि पाएन । अहिले त्यो संघर्ष, त्यो सम्झौता पत्र कहाँ पुग्यो कसैलाई थाहा छैन । त्यसैले कीर्तिपुरवासी दिन मात्र जानेका लिन नजानेका हुन भन्ने थेगो प्रचलित भएको छ ।

अहिले काठमाडौं मोडेल अस्पताललले ४०० शैयाको अस्पताल बनाएर नर्सिङ क्याम्पस र मेडिकल कलेज संचालन गर्न लागेको छ । त्यसको लागि धमाधम भवनहरु बन्दैछन । भएका रुखहरु काटिरहेका छन । जसले कीर्तिपुरको वातावरणलाई निकै असर पार्ने देखिन्छ । त्यसैले त्यो संचालन हुन लागेको नर्सिङ र मेडिकल कलेजमा समेत प्रत्येक व्याचमा केही प्रतिशत कीर्तिपुर वासीले निशुल्क पढ्न पाउनु पर्छ भन्ने मांग राख्दै संघीय गणतन्त्र नेपालमा नेवा: स्वायत्त राज्यको अभ्यास गर्न गठित नेवा: स्वायत्त राज्य मंका: परिषद कीर्तिपुरले संघर्ष गर्ने सोच बनाइरहेको छ । नसिंङ क्याम्पस र मेडिकल कलेजमा कीर्तिपुर वासीको लागि निश्चित कोटा छुट्याउनु पर्ने र रोजगारीको सम्बन्धमा पनि योग्यता र क्षमताले भ्याएसम्म कीर्तिपुरवासीलाई पहिलो प्राथमिकता दिनुपर्ने मांग सहित अनौपचारिक वार्ता भैसकेका छन । निकट भविष्यमै औपचारिक वार्ता हुने भएको छ । मंका: परिषदको मांग हामी कीर्तिपुरवासीको मौलिक हक हुन । यसमा कसैको दुई मत हुन सक्दैन । आफ्नो मौलिक हक र अकिकार लिन कीर्तिपुरवासी कतिको सचेत हुने हो हेर्न बाँकि नै छ । त्यसबेला पनि हामी कीर्तिपुरवासीहरु यो पार्टी र त्यो पार्टी भनेर एक आपसमा विभाजित भएर वादविवाद गर्ने हो भने हामीले आफ्नो अधिकार कहिल्यै लिन सक्नेछैन । एउटा पार्टीले जस लिन्छ भनेर अर्को पार्टीले भाँजो हाल्ने काममा मात्र लागिर हन्छ कि कीर्तिपुरवासीको अधिकारको लागि एक ढिक्का भएर लाग्छ हेर्न बाँकि नै छ ।

यसरी अरुहरुलाई जग्गा बाँडन सक्छ तर कीर्तिपुर नगर पालिकाको आफ्नै भवन छैन । अर्कोको भवनमा बसेर कार्यालय संचालन गर्नु परिरहेको छ । कसैलाई पायक नपर्ने कीर्तिपुरको पुछार पश्चिम कुनामा बसिरहनु परेको छ । जनताको सुरक्षाको जिम्मा लिएर बसेका प्रहरीलाई भवन बनाउन अलि फराकिलो जग्गा दिन सकेको छैन । त्यस्तै कीर्तिपुरमा कृयाशील वृद्ध सेवा समाजले वृद्धाश्रम भवन बनाउन एक टुक्रा जमिन खोजिरहेको वर्षौं भैसक्यो । अहिलेसम्म कीर्तिपुरले दिन सकेको छैन ।

नेवा: स्वायत्त राज्य मंका: परिषद कीर्तिपुरले त्रिभुवन विश्वविद्यालय केन्द्रित आन्दोलन गरिरहेको छ । अब फेक्ट नेपालसँग पनि वार्ताको प्रयास गरिरहेको छ । यदि वार्ता असफल भयो भने संघर्षको कार्यक्रमहरु घोषणा गरेर संघर्षमा उत्रनु पर्ने हुन्छ । त्यतिबेला पनि यहाँ कृयाशील राजनैतिक पार्टीका जिम्मेवार नेताहरुले कीर्तिपुरवासीको पक्षमा लाग्छ कि अरुको गुलामी बन्नतिर लाग्छ हेर्न बाँकि नै छ ।

त्यसैले कीर्तिपुरवासी संसारले भनेझै साँच्चिकै क्रान्तिकार ी, सचेत जनता हौ भने आफ्नो अधिकार प्राप्त गर्न जुरमुराउनु पऱ्यो । यो पार्टी, त्यो पार्टी भनेर कति अर्काको भऱ्यांग बनिरहने ? पार्टीको आँखाले होइन कीर्तिपुरवासीको आँखाले हेर्नुस । असली क्रान्तिकारी र सचेत नागरिक बनेर आफ्नो हक अधिकार लिन हातेमालो गरेर अगाडि बढौं । *समाप्त*

कारागार डायरी नदेखेर मन खिन्न भयो

श्रीमान सम्पादकज्यू,

कीर्तिपुर सन्देश, साप्ताहिक

प्रत्येक बुधवार साँझ कीर्तिपुर सन्देशको प्रतिक्षामा समय बित्थ्यो । साझको ५ बज्दा नबज्दै पत्रिका हातमा पर्छ । पत्रिकामा प्रकाशित समाचारको शिर्षकले नै मन आकर्षित गर्छन । अनि त्यसपछि भित्री पेजमा नजर राम महर्जनको 'कारागार डायरी'मा पहिले आँखा जान्छ । कारागार डायरी नपढेसम्म पत्रिका पढेको जस्तो नै लाग्दैनथ्यो । तर यही भाद्र १४ गते अंक ६ मा त्यो 'कार ागार डायरी' स्तम्भ नरहेको पाएँ । यो देखेर मन खिन्न भयो ।

हामीले खाना खाने बेला भात मात्र खाँदैनौं भात, साग, दाल, तरकारी, अचार अझ मासु पनि हुन्छ । जति परि कार बढी भयो त्यति खानाको स्वाद हुन्छ । नजररामजीको 'कारागार डायरी' स्तम्भ पनि कीर्तिपुर सन्देशको एउटा स्वादिलो परिकार जस्तै लागेको थियो । बिना सुचना एकैचोटि स्तम्भ हटाउँदा नराम्रो लाग्यो । यस स्तम्भ मार्फत हामीप्रति प्रहरीको कस्तो व्यवहार हुँदोरहेछ भन्ने जान्ने मौका पाएँ । त्यो कारागार डायरीभित्र अनगिन्ती कहानी लुकेको अनुभूति हुन्छ । त्यसैले यथाशिघ्र प्रकाशित गर्नुहोला ।

–रामभक्त महर्जन 'रमझम'
अमल्सि कीर्तिपुर -१७

कुरा नेवाः स्वायत्त राज्य स्थापनाको

नेवाः राज्य नआइकन हाम्रो जाती, भाषा र संस्कृतिको जगेर्ना गर्न नसक्ने ठोकुवा गर्नुभयो। सक्षम नेतृत्व चयन गर्न अपिल गर्नु हुँदै वर्तमान संसदमा यस्ता विधेयकहरू विचाराधिन रहेको जानकारी दिनुभयो । जुन विधेयक पास भयो भने हामी सम्पूर्ण नेवारहरूको अस्तित्व समाप्त हुने र एउटा विधेयकमा कुनै व्यापार कम्पनीले ५० वटा घर बनाउन योजना तयार गरी नेपाल सरकारसंग जमिनको मांग गऱ्यो भने जहांसुकैको भूमि पनि सरकारी दर रेटमा लिन सकिने बताउनु भयो। उहाँले जसको विरुद्ध कहिं उजुरी नलाग्ने समेत बताउनु भयो। दोस्रो विधेयकमा काठमाण्डौंभित्र संचालित जात्रा पर्वको लागि सरकार ले गुथिको व्यवस्था गर्नेछ तर त्यो गुथिमा नेवारहरूनै हुनुपर्छ भन्ने छैन सरकारले जसलाई पनि सदस्यमा नियुक्त गरी जिम्मा पनि दिनसक्ने जनकारी गराउनु भयो। यदि यस्तो भयो भने इन्द्रजात्रा, कुमारी जात्रा, कंगः अजिमा, मरू गणेश जात्रा, पचली भैरव जात्रा सबै नेवारहरूको हातबाट जाने भएकोले यसमा सम्पूर्ण नेवार समाज नै सचेत हुनुपर्ने कुरा मल्ल के सुन्दरले बताउनु भयो । नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष केशव मान शाक्यले आफ्नो मन्तव्यको क्रममा ठूला राजनीतिक दलका नेताहरूले नेवाः राज्य दिन नचाहिरहेको उल्लेख गर्दै कहिले राजधानी प्रदेश, कहिले के के भनेर हल्ला फिजाएर जनताको मत लिन प्रयास गरिरहेको बताउनु भयो। नेवाः राज्य वाहेक अरू कुनै प्रदेश हामीलाई स्विकार्य नहुने समेत उहाँले बताउनु भयो। शाक्यले भन्नु भयो 'हामी नेवारहरूको लागि हामीनै अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो। नेपालको ठूलठूला राजनीतिक आन्दोलनमा नेवारहरूले महत्वपूर्ण भूमिका निभाउँदै आएका थिए भने अब आफ्नै पहिचान र अग्राधिकारको लागि पनि संघर्ष गर्नु पर्छ' ।कवि दुर्गालाल श्रेष्ठले आफ्नो मन्तव्यको क्रममा ज्यापु जातिलाई अलग्ग राखेर नेपाल हेऱ्यो भने नेपालै देख्न नसक्ने बताउनु भये । उहाँले नेपालको पहिचान, नेपालको संस्कृति भनेकै नेवारहरू

भएको र राजभाइ जकःमिले पहिलेदेखिनै कविता, गीत लेख्दै आइरहनु भएको बताउनु भयो। लेख्नेक्रममा उहाँले समयको साथै आफ्नो लेखनलाई परिवर्तन गरि धेरै सुधार गर्नु भएको उल्लेख गर्नुहुदै भोलि दुर्गालाल नर हेमा पनि दुर्गालालको अभिभारा राजभाइ जकःमिले लिनुपर्छ भनेर राजभाइलाई जिम्मेवारी दिनुभयो।

प्रमुख अतिथीको आशनबाट बोल्दै हिसिला यमिले भन्नुभयो 'ज्यापु भनेको एउटा जात मात्र होइन, ज्यापु नेपालको पहिचान हो। काम गरेर खाने वर्ग हो । नेपालको संस्कृति पहिचान ज्यापुजातिले बचाइ राखेका छन । हाकु पतासी , तःपाः लँ नेपालको पहिचान हुन गएको छ।' नेपाल संघियतामा जाँदै छ भन्दै उहाँले त्यो संघियतामा नेवाः राज्य पनि हुने बताउदै त्यसलाई प्राप्त गर्नको लागि निरन्तर लागिरहनु पर्छ भनी जोड दिनुभयो। यमिले भन्नु भयो 'नेवाः राज्यलाई जातिय राज्य भन्न मिल्दैन । नेवाःराज्य एउटा पहिचान हो, आफ्नो राज्य चलाउन नेवारहरू हरेक किसिमले सक्षम छन। त्यसैले पहिचान र सामर्थ्यको आधारमा राज्य दिने हो भने नेवाः राज्य सुनिश्चित हुनुपर्छ । यसलाई नेवारहरूको मात्र राज्य भन्न मिल्दैन । यहाँ बसोबास गर्ने सबैको हो भन्ने बुझ्नु पर्दछ ।' अन्तमा राजभाइ जकःमिले पनि नेपालभाषा र साहित्यको लागि आफूले समय दिदै आएकोमा अब भाषा र साहित्यको लागि मात्र नभइ नेवाः राज्य प्राप्त गर्न नेवाः आन्दोलनमा सक्रिय भुमिका निभाउँदै आइरहेको बताउनु हुँदै भोलिको दिनमा पनि सक्रियतापूर्वक लाग्ने अठोट गर्नुभयो। आगामि असोज ७ गते हुन गैर हेको ज्यापु महागुथिको दोस्रो अधिवेशनले पनि नेवाः राज्यको अवधार णालाई टेवा पुऱ्याउने समेत उहाँले विश्वास गर्नुभयो।

हार्दिक बधाई



प्रा. डा. हिराबहादुर महर्जन

कीर्तिपुरवासीको आन्दोलनवाट पहिलो पटक
कीर्तिपुरवासी
प्रा. डा. हिराबहादुर महर्जनज्यू
त्रिभुवन विश्व विद्यालयको उपकुलपति पदमा
नियुक्ति हुनु भएकोमा उहाँको कार्यकाल पूर्ण
सफलताको लागि शुभकामना सहित
कीर्तिपुरवासीका जायज मागहरु पूरा गर्न
सकोस भनी कामना गर्दछौं

नेवाः स्वायत्त राज्य मंकाः परिषद्
कीर्तिपुर, तांलँचा

कीर्तिपुरवासीलाई खुसिको खबर

कीर्तिपुरमा खोज पत्रकारीता गर्दै आएको यस कीर्तिपुर सन्देश साप्ताहिकले तपाई पाठक वर्ग र सरोकारवाला वीचको सम्वन्ध र जिज्ञासालाई स्पष्ट पार्ने एउटा नयाँ स्तम्भ सुरुवाट गर्न लागेको कीर्तिपुरवासीलाई खुसिको खबर छ ।

प्रतिक्षा गर्नु होला

साप्ताहिक रूपमा एउटा नितान्त नयाँ स्तम्भ तपाईका लागि

कीर्तिपुर सन्देश
KIRTIPUR SANDESH WEEKLY
विधिको उपकुलपति कार्यालयमा ताला खोल्न प्राध्यापकहरुलाई
कीर्तिपुरवासीद्वारा १५ दिने अल्टिमेटम

कीर्तिपुर सन्देश साप्ताहिक
फोन ४३३३००७, ९८४१४०१०७७

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा		नेपाली भाषा	
चिइके	हटाउनु	थ्वये	टिप्नु
चुले	घोट्नु	थ्वाये	हान्नु
च्वने	बस्नु	दने	उठ्नु
च्वये	लेख्नु	दाये	नाप्नु
च्वाये	मुक्याउनु	दाये	पिट्नु
छाये	चढाउनु	दिये	रोक्नु
छ्यने	कोर्नु	दुने	भत्कनु
छ्वये	पठाउनु	धाये	भन्नु
छ्वाके	छ्याप्नु	ध्वदुये	जम्काभेट
जुये	हिंड्नु	ध्वये	छुनु
तछ्याये	फोड्नु	नके	खुवाउनु
तये	राख्नु	नये	खानु
ताये	सुन्नु	नाले	मान्नु
ताये	काट्नु	निने	गन्नु
तिये	वन्दगर्नु	निले	बेर्नु
त्वःते	छोड्नु	नुने	निल्नु
थाये	बजाउनु	न्यने	सोध्नु
थाये	बुन्नु	न्वाये	सम्झाउनु
थिये	छुनु	न्हाये	मुछ्नु
थुने	गाड्नु	न्हिले	हाँस्नु
थुये	बुझ्नु	पर्के	टाल्नु
थ्याये	पट्याउने	पाःफये	किरिया खानु

खेलप्रेमीहरू माझ चर्चित पाँच खेलाडिहरू

नवीन महर्जन

स्पोर्टस एवार्डका आठ विभिन्न एवार्डमध्ये सर्वाधिक चर्चित विधा पपुलर प्येयर अफ एयरको विजेता एसएमएस (SMS) मतदानका आधारमा चयन हुने गर्दछन ।

वि.सं.२०६४ सालदेखि प्रारम्भ भएको पपुलर प्लेयरको एवार्ड नेपाल खेलकूद पत्रकार मञ्चको आयोजनामा हुँदै आएको हो । हालसम्म यो पपुलर प्लेयरको एवार्ड पाउने खेलाडि र वर्ष यस प्रकार छन ।

जुमानु राई	२०६४	फुटवल
मञ्जु गुरुंग	२०६५	भलिवल
सन्तोष साहुखल	२०६६	फुटवल

यो मैदानमा २०६७ सालको लागि मनोनयनमा परेका खेलाडिहरू यस प्रकार छन । बक्सिंडका दीपक महर्जन, फुटवलका सागर थापा, क्रिकेटका राहुल विक, भलिवलको सिपोरा गुरुंङ तथा पौडीकी श्रेया धिताल । यिनीहरू विच गत साउन २५ गते सुरु भएको एसएमएस मतदान भदौ २४ गतेसम्म खुला रहनेछ । यस पल्टका पपुलर प्लेयरले ३० हजार रुपैयाँ, ट्रफीको साथ बजाजको पल्सर मोटरसाइकल लगायत अन्य थुप्रै उपहारहरू पाउने छन ।

यसपल्ट यो एवार्ड कसले जित्लान ? त्यसको कौतुहलता सम्पूर्ण खेलप्रेमीहरूलाई छन । यस एवार्डका दावेदार तथा उनीहरूको खेलवारे केहि विशेषताहरू :–

१) दीपक महर्जन :- काठमाण्डौंको दक्षिण पश्चिम क्षेत्र अन्तर्गत बोसीगाउँ–४ निवासी दीपक महर्जनले गत वर्ष चीनको ग्वान्जाडमा सम्पन्न १६ औं एसियाली खेलकूदमा नेपालले एकमात्र पदक जितेको थियो । उनले ८१ किलो ग्राम तौल समूहमा कास्य पदक जित्न सफल भएको थियो । साथै यहि वर्ष उनले किड्स कपमा पनि कास्य पदक जितेका थिए ।

२) सागर थापा :–: नेपाली राष्ट्रिय फुटवल टिमका कप्तान हुनुका साथै हिमालयन शेर्पाका पनि कप्तान हुन । उनको नेतृत्वमा नेपालमा साफ च्याम्पियनसिप, एएफसी च्यालेन्ज कप २०१२ छनौट तथा विश्वकप छनौट २०१४ खेल खेलेको थियो ।

३) राहुल विक :- उनले विश्व क्रिकेट लिग डिभिजन ४ मा ८ विकेट, १६औं एसियादमा ४ विकेट तथा एसीसी यू १९ एलिट कपमा २१ गरी २०६७ सालमा कूल ३३ विकेट लिएका थिए । एउटै अन्तर र्ाष्ट्रिय प्रतियोगितामा सर्वाधिक २१ विकेट लिने कीर्तिमानी पनि हुन । राहुल यू -१९ टिमका उपकप्तान पनि हुन ।

४) सिपोरा गुरुङ :- राष्ट्रिय टिममा १३ वर्षको उमेरमै स्थान पाउने भलिवल खेलाडि ।

सन २००६ मा कोलम्बोमा भएको १० औं दक्षिण एसियाली खेलकूदको महिला भलिवलको सदस्य थिइन । उक्त प्रतियोगितामा कास्य पदक जित्न सफल भएको थियो । फिस्टेल क्लब तथा पश्चिमाञ्चल टिममा सम्मिलित थिइन ।

उनको उपस्थितिमा तीन पटक पश्चिमाञ्चललाई राष्ट्रिय च्याम्पीयन बनाउन योगदान गरिएकी थिइन ।

५) श्रेया धिताल :– १६ औं राष्ट्रिय खुल्ला तथा उमेर समूहको पौडी प्रतियोगितामा सर्वाधिक ११ स्वर्ण जित्न सफल खेलाडी थिइन । गत महिना चीनको संघाईमा सम्पन्न १४ औं विश्व पौडी च्याम्पियनसिपको महिला १०० मिटर फ्रीस्टाइलमा १मि १० दशमलव ८२ सेकेण्डमा पूरा गर्दै नयाँ राष्ट्रिय कीर्तिमान राख्न सफल ।

माथिका यी पाँच खेलाडीहरू आजभोलि सबैभन्दा चर्चित खेलाडीहरू हुन । आफूलाई मनपर्ने खेलाडीलाई SMS गरी जिताउनु हुन विनम्र अनुरोध गर्दैछन यी खेलाडीहरू ।

यस *कीर्तिपुर सन्देश साप्ताहिक*का शुभचिन्तक

कीर्तिपुरवासी

प्रा. डा. हिराबहादुर महर्जन

त्रिभुवन विश्व विद्यालयको उपकुलपति पदमा नियुक्ति हुनु भएकोमा उहाँको कार्यकाल पूर्ण सफलताको लागि शुभकामना ।



हार्दिक बधाई

कीर्तिपुर सन्देश साप्ताहिक

परिवार, कीर्तिपुर

हार्दिक बधाई

यस सहकारी संस्थाको शेयर धनी

श्रीमती रामकुमारी महर्जनको श्रीमान तथा

यस संस्थाका शुभचिन्तक शिक्षाविद्

प्रा. डा. हिराबहादुर महर्जन

त्रिभुवन विश्व विद्यालयको गरिमामय पद उपकुलपतिमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकाल पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं ।

पाँगा बहुउद्देश्यीय सहकारी सं लि. परिवार

कीनपा ९, पाँगा ढोकासी

दिपक महर्जनलाई भोट दिन कीर्तिपुरवासीको आह्वान

कीर्तिपुर सन्देश/

नेपाल जर्नलिस्ट अफ फोरम द्वारा प्रस्तुत पल्सर प्लेयर अफ एर २०६७ मा ५ खेलाडि मध्ये एक १६ औं एशियाली खेलकूदमा नेपालको लागि एकमात्र ऐतिहासिक पदक दिलाई नेपालको गरिमालाई जोगाउन सफल कीर्तिपुर क्षेत्रका बोसिगाउँ वडा नं.४ का मुक्केवाज दीपक महर्जन पनि परेको छ।

उहाँले एशियादमा पदक प्राप्त गर्नु भएको नेपालकै गौरवको विषय हो नै तैपनि अरू चार विधाका चार जना खेलाडिहरूसँग उहाँले प्रतिश्पर्धा गर्नु पर्ने भएको छ।

जसमा भलिवल खेलाडि शिपोरा गुरुङ, पौडिवाज श्रेया धिताल, फुटवल खेलाडि शागर थापा र क्रिकेट खेलाडि राहुल वि.क. हुनुहुन्छ।

भाद्र २५ गते फैसला हुने सो प्रतियोगिता अहिले युवाहरूको चासो बनेको छ। प्रतियोगितामा प्रतिस्पर्धी ५ जनामध्ये जसले बढी भोट पाउँछ ऊ नै "पल्सर प्लेयर अफ एर २०६७" घोषित हुनेछ।

दीपकलाई sms vote दिन आफ्नो मोबाईलको मेसेज बक्समा गएर Pulsar DM टाईप गरी ३१३१ मा Send गर्न यही भाद्र १७ गते विहान कीर्तिपुरका खेलप्रेमी युवाहरूले धिमे बाजा बजाएर कीर्तिपुर बजार परिक्रमा गरी दीपक महर्जनको पक्षमा भोट मागेका थिए।

त्यही दिन बेलुका ८ बजे कीर्तिपुर को देवढोकामा पनि कीर्तिपुर खेलकुद विकास समाजको पहलमा विभिन्न संघसंस्थाका महानुभावहरूले एक कार्यक्रम गरी बक्सिंग खेलाडि दीपक महर्जनलाई खादा ओढाई स्वागत गर्नुका साथै उहाँको पक्षमा एसएमएस मत दिन आह्वान गर्नु भएको थियो। उक्त कार्यक्रममा टोलका थकाली सँयचा

महर्जनले दिपक महर्जनलाई खादा ओढाई उद्घाटन गर्नुभएको थियो।

उक्त कार्यक्रममा साउथ वेष्ट क्रिकेट क्लबका अध्यक्ष प्रा.डा. रामकृष्ण महर्जन, जुडो संघका रमेश महर्जन, कीर्तिपुर खेलकुद समाजका अध्यक्ष प्रदिप महर्जन र शान्तवहादुर श्रेष्ठले पनि दिपकलाई खादा ओढाई मत माग्नु भएको थियो। यो प्रतियोगितका लागि एसएमएस भोटिंग यही आउने भाद्र २४ गतेसम्म मात्र रहेको जानकारी पनि दिनुभयो।

कीर्तिपुरमा वडा नागरिक मंच तथा सचेतना केन्द्र गठन !

सरवकुमार महर्जन

स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नभएको करिव ९ वर्ष भइसक्यो। स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नभएको कारणले स्थानीय निकाय कर्मचारीहरूबाट संचालन गर्दै आएको छ। जनप्रतिनिधिको अभावले स्थानीय निकायको कामलाई जनताप्रति जवाफदेही बनाउन सकिरहेका छैनन्। केन्द्रमा मात्र जनप्रतिनिधिको नाउँमा दुई वर्षको कार्यकाल राखी नयाँ संविधान बनाउन संविधान सभाको निर्वाचनबाट निर्वाचित सभासदहरू मात्र बांकी छन। उनीहरू पनि आफ्नो कार्यकाल सकी एकपटक एकवर्ष, अर्कोपटक तीन महिना र फेरि तीन महिना समय अवधि थपी २०६८ मंसिर १४ गतेसम्मको आयु बढाएको छ। तर उनीहरूले तयो थपिएको तीन महिना पनि समय अपुग बनाइ फेरि समय बढाउन नेपालको अन्तरिम संविधानमा संशोधन गरिने छ। त्यसमा कुनै शंका छैन। स्थानीय निकायमध्ये नेपाल सरकारले नगरपालिकाहरूमा पनि जनप्रतिनिधि नभएको कारण र स्थानीय निकायहरूमा दलहरूका प्रतिनिधिहरूको अराजकता बढेको कारणले नगरपालिका अनुदान संचालन कार्यविधि २०६७ तयार गरी लागु गरिएको छ जस अनुसार सर्वदलीय संयन्त्रमा दलको आधिकारिक एकजना प्रतिनिधिले प्रतिनिधित्व गर्न पाउँछन। नगरपालिकाको योजना छनौट गर्नको लागि कार्यविधि अनुसार नगरको सर्वपक्षलाई समेती योजना तर्जुमा समिति गठन गर्नुपर्दछ। त्यस योजना तर्जुमा समितिले योजनाहरू संकलन तथा छनौट गर्नुपर्दछ। तर कीर्तिपुर नगरपालिकामा योजना छनौट तर्जुमा समितिको गठनमा रित पुऱ्याएको देखिदैन भने योजना छनौटमा पनि कुनै अर्थ राखेको देखिदैन। साथै त्यस कार्यविधि अनुसार सामाजिक परिचालन अनुदान अन्तर्गत 'ख'मा वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्र गठन तथा व्यवस्थापनप्रति पनि नगरपालिकाले कुनै चासो राखेको देखिदैन।

उक्त प्रावधान अनुसार नगरपालिकाको प्रत्येक आर्थिक वर्षको बजेट निर्माण गर्दा वडा नागरिक मंचबाट प्राथमिकता क्रममा सिफारिस गरिएका कार्यक्रम/आयोजनालाई अनुमानित बजेटमा समावेश गर्नु पर्दछ। साथै नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालित विभिन्न कार्यक्रम/ परियोजनाहरूको समग्र अनुगमन गर्ने परियोजनाका लागि नियमावली १३९ बमोजिम निर्वाचित पदाधिकारीहरूको व्यवस्था नभएसम्मको लागि सुपरिवेक्षण तथा अनुगमन समितिमा नागरिक मंचबाट एकजना महिला सहित दुईजनाले प्रतिनिधि पाउने प्रावधान राखेको छ। त्यस्तै कार्यविधिको भाग १० सुशासन सम्वन्धि थप व्यवस्थामा पारदर्शिता सम्वन्धि व्यवस्थामा नगरपालिकाले वडा नागरिक मंच समेतको सहभागितामा सरोकारवाला सबैपक्षको प्रतिनिधित्व रहेको भेलाले कम्तिमा एकवर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्दछ भनी उल्लेख गरिएको छ।

यसरी नगरपालिकाको बजेट निर्माणदेखि प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तथा अनुगमनसम्म महत्वपूर्ण भूमिका निभाउन सक्ने वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्र गठन तथा व्यवस्थापनमा नगरपालिकाले यथाशिघ्र पाइला चल्नु पर्दछ। नगरपालिकाको संचालनमा दलहरूको साथै आम नागरिकहरूको विश्वास जित्नको लागि, नगरपालिकाको कामलाई जनताप्रति उत्तरदायी संस्था बनाउनको लागि, नगरपालिकाको याजना छनौटदेखि कार्यान्वयन तथा अनुगमनसम्मको पहुँच पुऱ्याउनको लागि, नगरपालिकको कामहरू तथा आर्थिक पारदर्शिता बनाउनको लागि वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रको गठन अनिवार्य छ। जसबाट दलहरूको संकुचित घेरालाई फर ाकिलो बनाउन र दलहरूको निर्णय क्षमता जाँच्न तथा दलहरूको सहि मुल्यांङकन गर्नको लागि पनि यो सहायकसिद्ध हुनेछ। कथंकदाचित नगरपालिकाले समयमै वडा नागरिक मंच तथा सचेतना केन्द्र गठन तथा व्यवस्थापनमा ध्यान दिएन भने नागरिक सरोकारवालाहरूले हस्तक्षेप गरी आफै नै गठन र व्यवस्थापनतिर लाग्नु पर्ने पनि हुन सक्छ।

नगाउँमा निशुल्क मधुमेह शिविर सम्पन्न

कीर्तिपुर सन्देश/

नगां ज्ञानमाला भजन खल: नगाउँ र मधुमेह समाज जमल काठमाण्डौंकोसंयुक्त आयोजनामा यहि भाद्र १७ गते क्रियटिभ एकेडेमीको प्रांगणमा निशुल्क मधुमेह शिविर सम्पन्न भयो।

विहान ८ बजेदेखि सुरु भएको उक्त शिविरमा जम्मा १०९ जनाको रगत परिक्षण गरि एकोमा २० जनाको रगतमा चिनीको मात्रा बढी देखिएको छ। अब फेरि एकचोटि मधुमेह समाजको क्लिनिक जमलमा र गत परिक्षण गरेर मात्र औषधी ख्याउनु पर्ने र नपर्ने छुट्याउने कुरा नगां ज्ञानमाला भजन खल:का अध्यक्ष हिरा डंगोलले जानकारी दिनुभयो।

डा.मृगेन्द्र राज पाण्डेद्वारा स्थापना गर्नु भएको मधुमेह समाज जमलमा अहिले आजीवन सदस्यनै २५० जना छन। उक्त समाजले मधुमेह बारे जनतालाई सचेत गर ाउन ठाउँ ठाउँमा निशुल्क शिविर संचालन गर्दै आइरहेको छ।उक्त शिविरमा डा. भरतवहादुर अमात्य र रेखा स्थापितले स्वास्थ्य परि क्षण गर्नु भएको थियो। उक्त संस्थाका अध्यक्ष माधव राज भण्डारी र कोषाध्यक्ष मंगलप्रसाद श्रेष्ठले चिनीरोगको बारेमा जानकारी दिनुका साथै यसबाट कसरी बच्ने भन्ने बारे पनि सल्लाह दिनुभएको थियो।

आवश्यकता सम्वन्धी सूचना

कीर्तिपुर नगरपालिकाको संरक्षकत्वमा समुदाय स्तरमा कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रवाट संचालित जन पोलिक्लिनिक, कीर्तिपुरमा निम्नानुसारको जनशक्ति सेवा करारमा पदपूर्ति गर्नु परेको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुवाट दरखास्त आव्हान गरिन्छ। दरखास्त आगामि २०६८ भाद्र मसान्त भित्र आफ्नो व्यक्तिगत विवरण (CV) ,शैक्षिक एवं अन्य आवश्यक प्रमाण पत्रका प्रतिलिपीहरु समेत संलग्न गरी बुझाउनु पर्नेछ।

क्र.सं	पद	आवश्यक शैक्षिक योग्यता	उमेर समूह	संख्या	कैफियत
१.	फार्मासिस्ट (Pharmacist)	मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Pharmacy उत्तीर्ण	१८–३५	१	सम्वन्धित औषधी व्यवस्था विभागवाट अनुमति प्राप्त
२.	सि.एम.ए.	मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. उत्तीर्ण	१८–३५	१	फार्मेसी सम्वन्धमा अनुभव प्राप्त

नोट : नगरपालिका क्षेत्र भित्रका स्थानीय व्यक्ति र नेपालभाषा बोल्ने तथा थप योग्यता हासील गरेका अनुभवीलाई छनौटमा प्राथमिकता दिईनेछ। छनौट गर्ने विषयमा संस्थाको निर्णय अन्तिम हुनेछ।

कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र

कीर्तिपुर, नयाँ वजार १७

फोन नं. ४३३२८३०

kchcentre@hotmail.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

ने. सं. ११३१ यंलाथ्व दशमी बुधवाः २०६८ भाद्र २१ गते बुधवार (Sep- 7, 2011) sl/tk/ ;Gbz ६

ब्लड क्यान्सर भएका बाघभैरव स्कूलका ढुंगानालाई सहयोगका लागि अपिल

कीर्तिपुर सन्देश/

मकवानपुर जिल्ला गोगने गा.वि.स.का राजन ढुंगाना र विन्दा ढुंगानाको छोरा वर्ष ७ का राकेश ढुंगानालाई ब्लड क्यान्सर भएको छ । नयाँ बजार कीर्तिपुरस्थित बाघभैरव बोर्डिंग हाइस्कुल कक्षा १ मा अध्ययनरत राकेश ढुंगाना दुई दिन विद्यालय नआउँदा किन भनेर सोधखोज गर्दै जाँदा नीज बालक कान्ति बाल अस्पतालमा भर्ना गरिएको जानकारी पाएपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राममान सिंह र प्रिन्सिपल रविन्द्र महर्जन अस्पताल जानुभै औषधोपचारको व्यवस्था मिलाई दिनु भएको छ ।

विद्यालयका शिक्षक/शिक्षिकाहरू पनि अस्पताल जानुभै बालकको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुहुँदै आर्थिक सहयोग पनि प्रदान गर्नुभएको छ । नीज बालकको आमाबाबुको आर्थिक अवस्था साह्रै नाजुक रहेकोले सबैबाट सहयोगको अपेक्षा राखेका छन । सहयोग गर्न चाहनु हुने महानुभावले कान्ति बाल अस्पतालको बेड नं ४५० मा जानु भै सहयोग गर्नु भएपनि हुन्छ । अथवा बाघभैरव बोर्डिंग हाइस्कुलका प्रिन्सिपल रविन्द्र महर्जनको मोबाईल नं. ९८४१३०५३६४ वा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राममान सिंहको मोबाईल नं ९८४१३१६६५३ मा सम्पर्क राख्नु सक्नुहुन्छ । बाघभैरव बोर्डिंग स्कूलले राकेश ढुंगानालाई सहयोग गर्न प्याब्सन, पेट्सान र विभिन्न विद्यालयहरूमा सहयोगको लागि पत्राचार गरिसकेको प्रिन्सिपल रविन्द्र महर्जनले जानकारी दिनुभयो ।

द्यःला समाजको सांस्कृतिक अभियान सुरू

कीर्तिपुर सन्देश/

काठमाडौं उपत्यकाका आदिवासी नेवार समुदायभित्रको उत्पीडित जातीको रूपमा रहेका कीर्तिपुर का द्यःला समुदायले आफ्नो सांस्कृतिक पहिचानको लागि धिमे, बाँसुरी र खिँ बाजा सिक्न सुरू गर्नु भएको छ । गत साउन २१ गते द्यःला समाजको बाद्यवादन खरिद गर्न एक समारोहका विच नेपाः राष्ट्रिय पार्टीका सभासद बुद्धरत्न मानन्धरज्यूले आफ्नो सभासद कोषबाट ५०,०००/-रु.पचास हजार नगद सहयोग गर्नु भएको थियो । नेपाः राष्ट्रिय पार्टी कीर्तिपुर नगर कमिटिका अध्यक्ष कृष्णहरि महर्जनको पहलमा सो कार्य सम्पन्न भएको थियो । गत भाद्र १९ गते सोमबार बेलुका नासः द्यः पूजा गरि विधिवत रूपमा पूजा आजा गरि सुभारम्भ गरिएको थियो । नेपाः राष्ट्रिय पार्टी कीर्तिपुर नगर समितिका उपाध्यक्ष तेजमान बज्राचार्यको सक्रियतामा नीलः सांस्कृतिक पुचःका तीन जना गुरूहरूले सिकाउने भएको छ । जसमा धिमे र बाँसुरी पाँगाका अनुप महर्जन, खिँ कीर्तिपुर सागलका उज्ज्वल महर्जन र माडल र की बोर्ड तेजमान बज्राचार्यले सिकाउनु हुनेछ । वाद्यवादन सिक्न चाहनेहरू मा १५ जना केटीहरू रहेका छन भने २३ जना केटाहरू गरी जम्मा ३८ जनाले नासः द्यः पूजा गरेका छन । उक्त पूजाको अवसरमा तेजमान बज्राचार्यले वाद्यवादन सिक्न अपनाउनु पर्ने नियम र अनुशासनको बारे जानकारी दिनुभएको थियो । त्यस्तै नेपाः राष्ट्रिय पार्टी कीर्तिपुर नगर समितिका अध्यक्ष कृष्णहरि महर्जनले नेवार जातिमा कोही ठूलो जात, कोही सानो जात भनेर नेवार नेवार विच भेदभाव गर्नु सामन्ति विचार हो । हामी सम्पूर्ण नेवारहरू एक हौं भन्ने पार्टीको सिद्धान्तलाई व्यावहारिक रूपमा प्रयोग गरेको हो भन्नुभयो । उक्त पूजापछि बाघभैरव परिसरमा सामुहिक भोजको पनि आयोजना गरिएको थियो ।

सुहाना क्याटरिङ सर्भिस

द्याङ्ला, कीर्तिपुर

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।

Buffet Dinners Luncheons, B.B.Q.S etc

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 433447)

साँचो बुझाएको साँचो हो ?

ब्यंग सन्देश

– चक्रब्यूह –

हुन त आफ्नो साँचो अरूलाई बुझाउनु साह्रै गाह्रो काम हो तर यसपाली बाबुरामजीले प्रधानमन्त्री हुनासाथ केही दिनमै त्यही काम गर्न थाल्नु भयो । आफ्नो अध्यक्ष प्रचण्डको साथ पाएर १० वर्ष जनयुद्ध लडेका लडाकुहरूका हतियार जुन अस्थायी शिविरमा राखेका थिए । त्यही हतियार र खेको कन्टेनरको साँचो विशेष समितिलाई बुझाएपछि अर्को वरिष्ठ उपाध्यक्ष वैद्यको टाउको दुख्न थाल्यो, रिस उठ्न थाल्यो । त्यही रिसलाई आफ्ना कार्यकर्ताहरू मार्फत सडकमा पोख्न थालियो । सडक जाम गरेर आफ्नो विरोध जनाउन थाले । शहरहरू राँके जुलुसले धपक्क बल्न थाल्यो । के प्रधानमन्त्री बाबुरामजीले साँच्चिकै साँचो फिर्ता गर्नु भनेको कमाएको साख घटाउनु मात्र हो ।

अशान्ति र असुरक्षाको डर ले तर्डुपिएका नेपाली जनताले सर्वदलीय सर्वपक्षिय प्रतिनिधि र हेको विशेष समितिलाई साँचो बुझाउने कामले केही राहत महसुस गरेका छन ।

प्रतिपक्ष दलहरूले प्रशंसा गर्न थालेका छन तर प्रधानमन्त्रीको आफ्नै दलमा विवाद सुरु भएको छ । झगडा सुरु भएको छ, कुटाकुट भएको छ, विपक्षी बनेर वैद्यले राष्ट्रिय जागरण अभियान सुरु गर्ने भएको छ । "नेपालको दल दैवले जानुन, नेपालको नेता कसले जानुन" भनेझै भएको छ । हुनत अहिले देश चलाउने मुख्य साँचो त एकिकृत माओवादी पार्टीमा रहेको छ । देश चलाउने मुख्य साँचो यानि कि देशको प्रधानमन्त्री एमाओवादीकै वरिष्ठ उपाध्यक्ष बाबुराम भट्टराईको हातमा नै छ । अझ भनौं आफ्नो अध्यक्षले कसकसलाई कुन मन्त्रालयको साँचो दिनु भन्नुहुन्छ उसैलाई भनेकै मन्त्रालयको साँचो पनि दिने छ र खानेबेलामा पेट दुख्ने वैद्य र उसका कार्यकर्ताहरू हिस्स हुनेछ ।

यसपाली धेरै मन्त्रालयहरू को साँचो मधेशवादी दलहरूलाई दिएका छन अझ मन्त्रालय थपेर साँचो बढाउने तरखरमा छन । बाबुराम पक्षका नेताहरूले यो सम्म भने कि वैद्यपक्षले मन्त्रालयको साँचो बढी पाउनको लागि गरिएको आन्दोलन हो । तर वैद्य पक्षका नेताहरू भने लडाकुहरूको निशस्त्रीकरण भनेको आत्मसमर्पण हो । विदेशीहरूको गुलाम बन्नु हो । अवसरवादको पराकाष्ठा हो, राष्ट्रिय स्वाधिनता खतरामा पर्नु हो । आफू प्रधानमन्त्री हुनासाथ सस्तो लोकप्रियता कमाउने चालवाजी हो ।

नेपाली कांग्रेस र नेकपा एमालेले सरकारको कुनै साँचो जिम्मा लिन मानेका छैनन् । अब प्रतिपक्षमा बसेर रचनात्मक सहयोग गर्ने वचन दिएका छन । कहिलेकहिं प्रतिपक्षमा बस्दा पनि बुद्धि फिर्छन रे । पार्टी संचालन अथवा घर राम्रो बनाउन मेहनत गर्छन रे । मन्त्रालयको साँचो हात पार्ने नाउँमा नानाथरिको तिकडम गर्ने, गुटको भेला बैठक गर्ने काम बन्द हुन्छन रे । पार्टीमा मेलमिलाप बढ्छन रे । "पिने के लिए वहाना चाहिए भनेझै शान्तिलाई तार्किक निष्कर्ष पुऱ्याउन नदिने शुरुवात के माओवादीबाटै सुरू गर्न लागेको त हैन ? नेपाली जनताले चाहेको संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नचाहेकै हो त ? के १२ बुँदे सहमतीमा उल्लेखित लडाकु समायोजन तथा व्यवस्थापन गर्न नचाहेकै हो त ? या अनेक वहानामा अझ ३/४ वर्ष लम्ब्याउने र राष्ट्रिय बजेटमा खेलवाद गर्न चाहेका हुन त ? फेरि यी प्रश्नहरू एकिकृत माओवादी पार्टीमाथि तेर्सन थालेका छन । के अरू दलहरू नतमस्तक भएर हेरेर मात्र बस्ने हो या शान्ति र नयाँ संविधान जारी गर्नको लागि छिटो निश्कर्षमा पुऱ्याउन जनताको साथ लिएर दवावमुलक कार्यक्रममा जाने हो । "तेंले हानेजस्तो गर्नु, म रोएजस्तो गर्छु, तैंले रोएजस्तो गर्नु, मैले हानेजस्तो गर्छु" भन्ने दलहरूका भित्रि सहमती त है न ?

नगाउँमा सार्वजनिक सुनवाई हुने

युवा जागरण विकास केन्द्र नेपालले भाद्र २२ गते विहिवार विहान ८ बजे कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँ लाछिमा सार्वजनिक सुनुवाइ तथा कार्यान्वय प्रतिबद्धता बारे सार्वजनिक सुनवाई हुने भएको छ। वडामा जनजाति र दलितको लागि १५ प्रतिशत, महिलालाई १० प्रतिशत खर्च गर्नुपर्ने कानुनी प्रावधान रहेकोमा सो प्रावधान अनुसार खर्च भएको नभएको बारे नागरिक सुनावाई गर्न लागेको हो ।

दशैं विशेष कीर्तिपुर सन्देश साप्ताहिकमा.....

दशैं र मोहनी वीचको भिन्नता ?
कीर्तिपुरमा महिलाहरुको खड्ग जात्रा ?
जात्रामा निकालिने ऐतिहासिक एवं सांस्कृतिक नाच देवीनाच ?
दशैंको समयमा जीव वली घर घरमा कम हुदै जानुको कारण ?

दशैं विशेष अंकमा आ□नो व्यापार व्यवसायको विज्ञापन, सूचना, शुभकामना तथा अन्य सामग्रीहरु प्रकाशन गरि मौकाको फाईदा उठाउनु होला ।

दशैं सम्वन्धि लेखरचना कीर्तिपुर सन्देशमा प्रकाशनका लागि पनि सम्पर्क गर्नु होला

खोज पत्रकारिताको नमुना कीर्तिपुर सन्देश साप्ताहिक
हरेक बुधवारको नयाँ अंक विशेष अंक

फोन ४३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com